स्थानीय सरकार

# वीरगंज राजपत्र

वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ३ वीरगंज पौष २० गते, २०७६ साल (संख्या १३)

**भाग - २**

वीरगंज महानगरपालिका

## वीरगंज महानगरपालिकामा कृषि सामाग्री अनुदान कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०७६

स्थानीय सरकार

# वीरगंज राजपत्र

वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ३ वीरगंज पौष २० गते, २०७६ साल (संख्या १३)

**भाग - २**

**वीरगंज महानगरपालिका**

## वीरगंज महानगरपालिकामा कृषि सामाग्री अनुदान कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०७६

# साना सिंचाई कार्यक्रम कार्यविधि, २०७६

## पृष्ठभुमि

कृषि बालीको उतपादकत्व बढाउन सिंचाईको महत्वपूर्ण भुमिका रहेको हुन्छ । ठुला सिंचाई आयोजनाहरुको निर्माणमा लागत खर्च र समय बढी लाग्ने तथा तत्काल किसानको समस्या समाधान गर्न नसकिने भएकाले किसानहरुको बास्तविक आवश्यकतामा आधारित सामूहिक उपभोगको लागि स-साना सिंचाई प्रणलिहरु निर्माण, संचालन एव्म मर्मत सम्भार गरी सिंचाई व्यवस्थापन गर्न अनुदान सहयोग दिई सिंचाई सुविधा सुनिश्चतता गर्न यस वीरगंज महानगरपालिकाले साना सिंचाई कार्यक्रम कार्यविधि २०७६ तयार गरेको छ । साना सिंचाई कार्यक्रमले तराईमा बढीमा १०० हेक्टर सम्ममा (सिंचाई नीति) सिंचाई हुनेगरी स-साना आस्थायी वांध, पैनी छेकवार, कुलो सुधार, संरक्षण, ह्रुम पाइप, पोखरी निर्माण, पम्प, ट्याङ्की, इनार ढिकिपम्प, मोनोब्लक पम्पसेट, पवन पम्प, हाइड्रोलिक र्‍याक, साइकल पम्प, थोपा सिंचाई, स्प्रिङ्कलर सिंचाइ आदीको निर्माण व्यवस्थापन गर्न बढीमा रु. १ लाख ५० हजारसम्मको अनुदान दिने र उपभोक्ताको तर्फबाट कम्तीमा १५ प्रतिशत योगदान प्राप्त गरी संचालन गरिने सिंचाईका स-साना स्किमलाई जनाउँदछ । यो कार्यक्रम कृषक समुह/कृषि सहकारी संस्थारुमा केन्द्रित रहेर मात्र कार्यान्वयन गरिनेछ । सिंचाईका स-साना स्किमहरु बनाएर कृषक सहभागिको आधारमा महानगरपालिकाका सम्पूर्ण कृषकहरुलाई उत्पादन वृद्धिको माध्यमबाट आय आर्जनमा टेवा पुर्‍याउनु नै यसको प्रमुख उद्देश्य हो ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम **साना सिंचाई कार्यक्रम कार्यविधि २०७६** रहेको छ ।

ख. यो कार्यविधि वीरगंज महानगरपालिकाबाट प्रमाणित भए पछि प्रारम्भ हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि

क. "महानगरपालिका" भन्नाले वीरगंज महानगरपालिका सम्झनु पर्नेछ ।

ख. "शाखा" भन्नाले कृषि तथा पशुपन्छि व्यवसाय प्रवर्द्धन शाखा सम्झनु पर्नेछ ।

ग. "कार्यालय" भन्नाले वीरगंज महानगरपालिकाको कार्यालय बुझ्नु पर्नेछ ।

घ. "कार्यक्रम" भन्नाले **साना सिंचाई कार्यक्रम २०७६ बमोजिम कार्यक्रमलाई** सम्झनु पर्नेछ ।

ङ. "समिति" भन्नाले वीरगंज महानगरपालिकामा गठन भएको आर्थिक विकास समिति भन्ने बुझिन्छ ।

च. "समूह" भन्नाले साविक जिल्ला कृषि विकास कार्यालयमा दर्ता भई महानगरपालिकामा अध्यावद्धिक भएको वा रितपूर्वक यस कार्यालयमा दर्ता भई अध्यावद्धिक भएको कृषक समुह सम्झनु पर्दछ ।

छ. "सहकारी" भन्नाले रीतपूर्वक दर्ता भएका र कर चुक्ता भई

चालु आर्थिक वर्षको लेखा परिक्षण गराएका सक्रिय कृषि सहकारीहरु भन्ने बुझिन्छ ।

## ३. कार्यक्रमको प्राविधिक पक्ष :

३.१ **सूचना प्रवाह-** वीरगंज महानगरपालिकाले साना सिंचाई विशेष कार्यक्रम संचालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधि बारे आ-आफ्नो क्षेत्रमा वडा कार्यालय/वडा अध्यक्ष मार्फत अधिकतम् सूचना प्रवाह गराउनु पर्ने छ ।

३.२ **निवेदन -** उपयुक्त कार्यक्रम अन्तर्गत संचालन हुने कुनै पनि सिंचाई आयोजनाको कार्यान्वयनको लागि कृषि सहकारी संस्था/कृषक समूहबाट दर्ताको प्रमाणपत्र अद्यावधिक गरेको प्रमाण सहित साना सिंचाई विशेष कार्यक्रमको कार्यान्वयन निर्देशिका २०७६ को अनुसूचि १ बमोजिम निवेदन/ माग फारम शाखामा पेश गर्नु पर्ने छ । यसरी पेश हुन आएका आयोजनाहरुको प्राविधिकहरुले वी.म.न.पा. का वडाको सिफारिस साथ निवेदन/माग फारम दर्ता गराउनु पर्ने छ । यसरी माग पत्र दर्ता गराउदा कृषि सहकारी संस्था/कृषक समूहको तर्फबाट प्रति आयोजना रु. ३००। का दरले राजस्व दाखिला गरी भौचर पेश गर्नुपर्नेछ । यस्तो माग बारे सम्बन्धि वडा कार्यालयलाई जानकारी दिएको हुनुपर्नेछ ।

**३.३ स्वघोषण :** आयोजना मागको निवेदन दर्ता गराउदा सहकारी संस्था/कृषक समुहहरुको तर्फबाट आयोजना माग गरेकै कामका लागि दोहोरिने गरी अन्य कुनै पनि निकायबाट अनुदान माग नगरेको स्वघोषणा समेत संलग्न गर्नुपर्नेछ ।

४. **छनौट प्रक्रिया-** वीरगंज म.न.पा.ले साना सिंचाई कार्यक्रम बारे माग भई आएका निवेदनहरुको प्रारम्भिक सर्वेक्षणको आधारमा छनौट गरी आर्थिक विकास समिति बाट पारित गर्नुपर्ने छ। यसरी पारित भएका आयोजना (स्किम) हरुको लागत इष्टिमेट देहाय अनुसार हुनुपर्नेछ।

**(क)** रु. २५०००।- (पच्चिस हजार ) भन्दा कम रकम को सामाग्री मात्र उपलब्ध गराईने स्किमको सम्बन्धमा आर्थिक प्रशासन सम्बन्धि नियमावलि २०५६ को नियम ६३ को उपनियम (१०) बमोजिम निवेदक संस्था/समूह र सम्बन्धित प्रा.स., ना.प्रा.स. संयूक्त रुपमा आयोजनाको लागत तयार गरी स्विकृतिको लागि वी.म.न.पा. मा पेश गर्नुपर्ने छ। स्विकृति पश्चात उक्त सामाग्रीहरु अनुदान स्वरुप आर्थिक विकास समितिले निर्णय गरे बमोजिम हस्तान्तरण गर्न सकिन्छ। यस्ता सामाग्रीहरुमा पाइप, मोटर, पम्पसेट ( स्यालो ट्यूवेल प्रयोजन बाहेक) निर्माण सामाग्री आदि लिन सकिन्छ।

**(ख)** रु. १,५०, ०००। - सम्म लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा इरिगेशन इंजिनियरिङ्ग विषयमा तालिम प्राप्त अधिकृत/प्रा.स./ना.प्रा.स.ले स्थलगत सर्वेक्षण गरी लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि प्र.प्र.अ. समक्ष पेश गर्नु पर्ने छ।

**(ग)** रु. १,५०,०००। भन्दा बढी लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा उपलब्ध भएसम्म अन्तर्गतका निकायमा

कार्यरत इन्जिनियरिङ्ग/ओभरसियरबाट सव ओभरसियरबाट स्थलगत सर्वेक्षण गरी लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि वीरगंज महानगरपालिकाको कृषि शाखामा पेश गर्नु पर्ने छ ।

यी सबै किसिमका स्किमका लागत इष्टिमेटको स्वीकृति वीरगंज महानगरपालिकाको कार्यालय प्र. प्र. अ. बाट गर्नुपर्ने छ । उक्त कार्यको लागि आवश्यक पर्ने दै.भ्र.भ. वि.म.न.पा. कार्यालयले ब्यहोर्नु पर्ने छ ।

५. **लागत इष्टिमेट -** लागत इष्टिमेट तयार गर्दा इष्टिमेट अंकको ३ प्रतिशत कन्टिजेन्सि राखिने छ । जसमध्ये कार्यक्रम अनुगमन तथा निरिक्षणमा प्रयोग गर्न सकिने छ । यसरी लागत अनुमान वा खर्चको विवरण अनुसार वी.म.न.पा. कार्यालयले सहकारी संस्था, कृषक समूह सगं खर्च एव्म सम्पन्न गर्ने कार्यको बाडँफाडँ गरी साना सिचाई कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को अनुसूची २ बमोजिम सम्झौता गर्नु पर्नेछ । साथै रकम खर्च गर्दा प्रचलित आर्थिक ऐन नियम अनुसार गर्नुपर्नेछ । आयोजना (स्किम) को मोटामोटी लागत र निवेदन संस्था/समूहले व्यहोर्ने प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ ।

६. **संशाधन परिचालन तथा कार्यान्वयन योजना** : वी.म.न.पा. कार्यालयले सहकारी संस्था /कृषक समूहको सहभागिता कार्यान्वयन योजना तयार पार्नु पर्नेछ । आयोजना कार्यान्वयनमा सहकारी संस्था /कृषक समूह र वी.म.न.पा कार्यालयले आ-आफ्नो उत्तरदायित्व प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

७. **इरिगेशन ईन्जिनियरिङ्ग तालिम** - रु. १,५०,०००।- सम्मका स्कीमको लागि इष्टिमेट तयार गर्न सक्ने गरी क्षमता विकास गर्न नेपाल सरकारबाट मान्यता प्राप्त तालिम संस्था (कृषि तालिम केन्द्र, CTEVT र अन्तर्गतका प्राविधिक शिक्षालय आदि) बाट कृषिमा कार्यरत कृषि प्राविधिकहरुलाई कृषि इरिगेशन इन्जिनीयरिङ्ग विषयमा तालिम दिने ।

८. **कार्य संचालन र विविध** : प्रचलित ऐन नियम बमोजिम वी.म.न.पा. ले अग्रसरता लिई सम्बन्धित सहकारी संस्था/कृषक समूह द्धारा पारदर्शिता अपनाई निर्णय कार्य गराउनुपर्नेछ । निर्माण सम्बन्धि प्रक्रियागत एव्म व्यवस्थापकिय जिम्मेवारी वी.म.न.पा. को रहने छ ।

९. **कार्य सम्पन्न प्रतिवेदन** - डिजाइन, इष्टिमेट र सम्झौता अनुसार आयोजना (स्किम) को कार्य पूर्ण रुपले सम्पन्न भई संचालन भएको अवस्थामा तपसिल बमोजिम कार्य सम्पन्न प्रतिवेदन दिनु पर्नेछ ।

(क) निमार्ण कार्य सुपरभिजन गर्ने वा फाइलन विल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरभिजन गरी फाइलन विल तयार गर्ने प्रतिक्रियाबाट आइटमवाइज कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित सहकारी संस्था, कृषक समूहमा पेश गर्ने ।

(ख) यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदन बारे सहकारी संस्था, कृषक समूह तथा  सम्बन्धित प्राविधिक स्थलगत निरिक्षण गरी संतोषजनक रुपमा सम्पन्न भएको निर्माण कार्यको अन्तिम भुक्तानि र स्किमको संचालन अवस्था बारे संस्था,  समूह बैठक बाट निर्णय गराई वि.म.न.पा.का कार्यालयमा पेश गर्ने ।

(ग) बैठकको निर्णय सहित कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पछि वी.म.न.पा. कार्यालयको सिफारिसमा वी.म.न.पा. कार्यालयले साधारणतया १(एक) हप्ता भित्र फाइनल भुक्तानि दिने व्यवस्था गर्ने छ ।

(घ) आयोजनाको प्रकिृति अनुसार १ देखि ३ पटकमा भुक्तातिं दिने । एकैपटक भक्तानी दिनुपर्ने अवस्थामा कार्य सम्पादन प्रतिवेदन तयार पारी स्किमको संचालनको अवस्था बारे संस्था, समूहको बैठक बाट निर्णय गराई प्राविधिकको सिफारिसमा भुक्तानी दिन सक्नेछ । एक पटक भन्दा बढी किस्तामा रकम भुक्तानी गराउनुपर्ने खण्डमा सम्झौता पत्रमा स्पष्ट खुलाउनु पर्नेछ ।

१० **मर्मत/ सम्भार -** आयोजना सम्पन्न भई हस्तानान्तरण भई सके पछि सो को मर्मत /सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सहकारी संस्था/कृषक समूहको हुनेछ ।

११ **अनुगमन, सुपरिवेक्षण** - साना सिंचाई विषेश कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन सम्बन्धित कार्यालयबाट महानगरको सम्बन्धित शाखाले गरिनेछ। आवश्यक परेमा वी.म.न.पा. को अन्य सम्बन्धित शाखामा समन्वय गर्न सकिनेछ ।

१२. **कृषि इन्जिनियरिङ्ग शाखाको भुमिका** : कृषि इन्जिनियरिङ्ग कार्यक्रमको प्राविधिक अनुगमन, सुपरिवेक्षणको साथै विषेश किसिमको प्राविधिक सहयोग माग गरेको अवस्थामा वीरगंज महानगरपालिकाको इन्जिनियरिङ्ग हेर्ने शाखाले वा सम्बन्धित शाखाको मद्दत लिई सहयोग पुऱ्याउने व्यवस्था गर्नुपर्नेछ ।

१३. **कार्यक्रमको आर्थिक पक्ष /खर्च मापदण्ड/नर्म्स** : स-साना अस्थाई बाँध, पैनि, छेकबार, कुलो सुधार, संरक्षण, ह्यूमपाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ट्याकिं, इनार, ढिकिं पम्प, मोनोब्लक पम्पसेट, पवनपम्प, साइकल पम्प, थोपा सिंचाई, स्प्रिङ्कर सिंचाई आदीको निर्माण व्यवस्थापन गर्न रु .१,५०,०००। सम्म खर्च गर्न सकिनेछ । कृषि विकासको लागि स्थापित कृषक समूहहरु जस्ता उपभोक्ताहरुको सहभागिताहरुमा कम्तीमा १५% र बढीमा उपभोक्ताको तर्फबाट श्रम,जिन्सि वा नगद दान गरी कार्यान्वयन योजना तयार पारी यस कार्यक्रम सम्बन्धि निर्देशिका अनरुप कार्य सम्पादन गर्नु पर्नेछ ।

**आयोजना छनौट गर्नु अगाडी समितिले देहायका आधारहरुलाई ध्यान दिनु पर्नेछ ।**

(क) कृषक समूहको लागि आयोजना छनौट गर्ने सम्बन्धमा साविक जिल्ला कृषि विकास कार्यालय अन्तर्गत वी.म.न.पा. भित्रका एवम् वी.म.न.पा. बाट गठन एवम् दर्ता भई कम्तिमा १ वर्षको अवधि पुरा गरेका नियमित बैठक बस्नुका साथै समूह संचालन पद्धती एंव प्रक्रियाहरु अनुसार संचालन भैरहेका र कृषि विकासको लागि सकृय रुपले सम्पर्कमा रही सवलता एवं समावेशिता रहेका र आयोजनाका लागि वित्तिय सहभागिता भएका कृषक समूहको लागि मात्र आयोजना छनौट गर्नु पर्नेछ।

(ख) सतह सिंचाई तथा पोखरी निर्माण गर्ने सन्दर्भमा सामुहिक सिंचाईलाई केन्द्रित गर्ने ।

(ग) जनसहभागिताको आधारमा स्थानिय श्रोतको बढी परिचालन गर्ने सक्षम उपभोक्ता समिति वा संस्था/कृषक समूहलाई केन्द्रित गरी कार्यक्रम संचालन गर्ने उद्देश्य अनुरुप सहभागि संस्थाले कूल लागतको न्यूनतम १५ प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सि वा तीनै थरिको सहयोगको रुपमा व्यहोर्नु पर्नेछ ।

(घ) सामुहिक सिंचाईका लागि जाली, पम्प आदि व्यवस्था गरी तत्कालिन सिंचाई व्यवस्था गर्ने ।

(ङ) दलित, मुक्त कमैया, विपन्न वर्गका, सामाजिक रुपमा पिछडिएका तथा ग्रामिण बस्तीका समूहहरुको हितलाई विषेश रुपले ध्यानमा राखि प्राथमिकतामा राखिनु पर्ने ।

(च) महिला कृषक समूहहरुको सहभागिता हुने गरी छनौट गर्नु पर्ने । आयमुलक कृषि व्यवसायिकरण तर्फ उन्मुख गराउने कार्यक्रम संचालन भएका स्थलहरुमा सिंचाई सुविधा पुऱ्याउने दृष्टिकोण राख्नुपर्ने ।

(छ) यथासम्भव निर्धारित पकेटहरुको उत्पपादन कार्यक्रममा टेवा पुग्ने गरी आयोजनाको छनौट हुनु पर्ने ।

(ज) बाढी, पहिरो आदिले क्षती पुऱ्याएका चालु सिंचाई कुलोहरुमा स-साना दुरीहरुमा ह्युमपाईप र पोलिथिन पाईप व्यवस्था गरी तत्कालिन सिंचाई समस्या समाधान गर्ने जस्ता सिंचाई विकासका कार्यहरुलाई सहयोग पुऱ्याउने ।

(झ) कृषि सहकारी संस्था, कृषक समूहहरुबाट कार्यक्रमको लागि जायज माग आउनुपर्ने र तीनको कार्यान्वयनमा अनिवार्य सहभागिता हुनु पर्ने

(ञ) प्रतिकुल वातावरणीय असर न्युन पार्ने किसिमका आयोजनाहरुलाई प्रोत्साहित गर्ने ।

(ट) सम्भव भएसम्म सिंचाई कार्यक्रम हेर्ने अन्य निकायहरु सगं समन्वय राखी अर्थात दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने र सो कार्यक्रम तालमेल मिलाई सञ्चालन गर्ने ।

छनौट भएका आयोजना सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्ने ।

# अनुसूची १

(साना सिंचाई विशेष कार्यक्रमबाट सहयोगको लागि दिनुपर्ने निवेदन)

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू, मिति :
वीरगंज महानगरपालिका

विषय : साना सिंचाई विशेष कार्यक्रमबाट सहयोगको लागि अनुरोध ।

महोदय,

हामी निम्नलिखित निवेदन फाराम (क) मा हस्ताक्षर भएका व्यक्तिहरुबाट जिल्ला...........वीरगंज महानगरपालिका वाड नं........,साविक ठेगाना...................मा अवस्थित ..........................कृषक समुह/कृषि सहकारी संस्था सिंचाई आयोजनाको लागि साना सिंचाई विशेष कार्यक्रमबाट सहयोग पाउँ भनी वर्तमान तथा सम्भावित उपभोक्ताहरुको तर्फबाट प्रति आयोजना रु.३००।-(तीन सय) का दरले राजश्व दाखिला गरेको सक्कल भौचर पेश गरी आयोजना कार्यान्वयनमा लाग्ने मोटामोटी बजेट र समुहको निर्णयको प्रतिलिपि सहित यो निवेदन दिएका छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधीहरु सम्पूर्ण रुपमा बुझेका छौं र त्यसै अनुसार पूर्ण रुपमा सहमत छौं । यसका लागि आवश्वक निवेदन फारामहरु (क), (ख) र (ग) सम्बन्धित कर्मचारीको मद्दतबाट भरी पेश गरेका छौं ।

**स्वघोषणा** : हामीले माग गरेको आयोजनाको कामकै लागि दोहोरिने गरी अन्य कनै पनि निकायबाट अनुदान रकम माग गरेका छैनौं ।

संस्थाको छाप :

निवेदक :
संस्थाको नाम :
अध्यक्ष/प्रतिनिधिको नाम :
हस्ताक्षर :
मिति :
सम्पर्क नं.:

# निवेदन फाराम (क)

## साना सिंचाई लागि निवेदन साथ संलग्न हुनुपर्ने निवेदन फाराम

| क्र.सं. | उपभोक्ताहरुको निवेदकहरुको नाम | ठेगाना | प्रतिनिधित्व गरेको क्षेत्र (शिर, मध्य र पुछार) | जग्गाको कित्ता नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |

द्रष्टव्य : - उपरोक्त १५ जना उपभोक्ता निवेदकहरु मध्ये शीर, मध्य र पुच्छरबाट ५-५ जनाको प्रतिनिधित्व हुनुपर्नेछ । एक परिवारबाट एक जना जग्गा धनी मात्र सदस्य रहनेछ ।

निवेदन फाराम (ख)

सिंचाई आयोजना सम्बन्धी आधारभूत जानकारी

## १. आयोजना सम्बन्धि विवरण :

१.१ प्रस्तावित आयोजनाको नाम :

१.२ प्रस्तावित आयोजनाको ठेगाना :

१.३ प्रस्तावित आयोजनाको माग :/किसिम :

१.४ (क) वर्तमान उपभोक्ताहरुको परिवार संख्या :

१.५ (ख) वर्तमान जलउपभोक्ताहरुको संख्या :

## २ आयोजना स्थल सम्म पुग्ने बाटो :

| बाटो (ठाउँ) | सम्म (ठाउँ) | सम्भाव्य साधन (पैदल वा गाडी) | अनुमानित दुरी र समय | |
|---|---|---|---|---|
| | | | कि.मी. | घण्टा /दिन |
| | | | | |
| | | | | |
| | | | | |

## ३. प्रस्तावित कार्य वा आयोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको विवरण

| सि.नं. | जग्गा धनीको नाम | स्थानीय गाउँ/वडा नं. | परिवारमा सदस्य संख्या | कित्ता नं. | क्षेत्रफल कट्ठा/विघा | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा क्षेत्रफल | | | | | |

## ४. पुरानो सिंचाई आयोजना भए सो को पृष्ठभुमि

| सि.नं. | निर्माण आयोजनाको किसिम | गरी सकेको कार्य वर्ष | रकमको श्रोत | रकम रु. | कार्यक्रमको नाम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## ५. पानीको श्रोत

| सि.नं. | श्रोतको नाम | किसिम (साल भरी/वर्षमा मात्र) | औसत जल प्रवाह लिटर/से./घण्टा | | |
|---|---|---|---|---|---|
| | | | वर्षे | हिउँदे | चैते |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

**नोटः** पानीको श्रोतको किसिम साल भरी पानी हुने वा वर्षामा मात्र हुने के कस्तो हो खुलाउनु पर्ने ।

६. पानीको श्रोत/मुहान वाडँफाडँ सम्बन्धमा कुनै विवाद छ कि छैन ? छ/छैन

७. जल उपभोक्ता कृषकहरुको संगठन

७.१ जल उपभोक्ता कृषकहरुको संगठन छ कि छैन ? छ/छैन

७.२ यदि छ भने जिल्ला, जलस्रोत समिति वा जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता भएको छ कि छैन ? छ/छैन

- उपभोक्ताहरु संगठित हुन तयार छन् कि छैनन् ? छन्/छैनन्
- निर्माणको विभिन्न चरणमा सहभागिता जुटाउन तयार छन् कि छैनन् ? छन्/छैनन्

७.३ मर्मत सुधार आयोजना भए हाल चालु अवस्थामा छ कि छैन ? छ/छैन

७.४ यदि चालु छ भने हाल आयोजनाको संचालन मर्मत सम्भार कसले गर्दै आएको छ ? चिनो लगाउनु होस्

७.४.१ जल उपभोक्ताहरु स्वयंद्धारा ( )

७.४.२ अन्य कुनै संस्थाद्धारा ( )

७.४.३ कुनै खास व्यवस्था वा प्रथा नभएको ( )

७.५ प्रस्तावित आयोजनाको निर्माण/ मर्मत सुधार भएपछि त्यसको संचालन तथा मर्मत सम्भार गर्ने पूर्ण जिम्मेवारी लिन उपभोक्ताहरु तयार छन् कि छैनन् ? छ/छैनन्

८ मर्मत सुधार आयोजनाको निर्माण/मर्मत सुधार भएपछि त्यसको संचालन तथा मर्मत संभार गर्ने पूर्ण जिम्मेवारी लिन उपभोक्ताहरु तयार छन् कि छैनन् ? छ/छैन

८.१ आधारभूत विवरण

८.१.१ हालको विवरण

मूल नहर/कूलो/पैनिको हाल भै रहेको लम्बाई.............. कि.मी.

शाखा नहर/कूलो/पैनिको हाल भैरहेको लम्बाई.............कि.मि

सिंचित क्षेत्रफल :...................... हेक्टर

संरचनाहरुको संख्या :....................... वटा

वर्षे बाली लाग्ने क्षेत्रफल : ................. हेक्टर

चैते बाली लाग्ने क्षेत्रफल : .................... हेक्टर

८.१.२ प्रस्तावित कार्यको विवरण

विस्तार वा नयाँ थप्नु पर्ने मूल नहर/कूलो/पैनीको लम्बाई : ................ कि.मी.

विस्तार वा नयाँ थप्नु पर्ने सिंचित क्षेत्रफल:................... हेक्टर

विस्तार वा नयाँ थप्नु पर्ने संरचनाहरको संख्या : ............ वटा

थप वर्षे बाली लाग्ने क्षेत्रफल .......... हेक्टर

थप हिउँदे बाली लाग्ने क्षेत्रफल ............. हेक्टर

थप चैते बाली लाग्ने क्षेत्रफल :................हेक्टर

८.२.आधारभुत समस्या ( विवरण छोटकरीमा उल्लेख गर्ने )

८.२.१ मुहान बाट पानि ल्याउँदा पर्ने समस्या : .........................

८.२.२ मूल नहर/कूलो/पैनी मा पानी चुहिने समस्या :..................

८.२.३ मूल नहर/कूलो/पैनी मा भत्कने वा चुहिने समस्या :............

८.२.४ स्थायी स्ट्रक्चर नभएको :..........................................

८.२.५ सिंचाई व्यवस्थापनको लागि सेडहरु नभएको :....................

८.२.६ नदि कटान पहिरो जाने :..............................................

८.२.७ अन्य समस्या : ..........................................................

८.३ सहयोगको आवश्यकता

८.३.१ मुहानमा नदी नियन्त्रण : गर्नुपर्ने/नपर्ने

८.३.२ बाँध वा इन्टेक निर्माण : गर्नुपर्ने/नपर्ने

८.३.३ मुल नहरको केही ठाउँ लाईलिङ्ग : गर्नुपर्ने/नपर्ने

८.३.४ खोल्सा तथा अन्य ठाउँमा स्थायी स्ट्रक्चर : बनाउनु पर्ने/नपर्ने

८.३.५ मूल नहर/कुलो/पैनी मा : क्षमता बढाउने/लम्बाई बढाउने/दुवै

८.३.६ शाखा नहर/कुलो/पैनीमा : नयाँ निर्माण गर्नुपर्ने / क्षमता बढाउने /लम्बाई बढाउने /सबै

८.३.७ पानी बाडँफाडँका लागि आवश्यक संरचना : गर्नु पर्ने/नपर्ने

८.४ जल उपभोक्ता कृषकहरु स्वयमले निर्माण गर्न नसक्नुका कारणहरु (चिन्ह लगाउनुहोस)

८.४.१ ठूलो रकमको आवश्यकता पर्ने ( )

८.४.२ प्राविधिक सीप र ज्ञान नभएको ( )

८.४.३ धेरै पटक विग्रे भत्केकोले स्थायी समाधान खोजेको ( )

८.४.४ जल उपभोक्ताहरुमा संगठनात्मक स्वरुप नभएको ( )

८.४.५ संगठन भएतापनि सक्रियता नभएको ( )

८.४.६ धेरै पटक कोशिस गरेर असफल भएको ( )

९. जल उपभोक्ता कृषकहरुको अग्रसरता

आयोजनाको कार्यमा लाग्ने कुल खर्चमा निम्न अनुरुप सहभागिता व्यहोरिने :

९.१ रकममा....................प्रतिशत

९.२ श्रमदानमा ................. प्रतिशत

९.३ जिन्सीमा...................... प्रतिशत

# निवेदन फारम (ग)

## बोरिङ्ग/इनार/पम्पसेट निर्माणको लागि

१. सार्वजनिक स्थानमा बोरिङ्ग/इनार/पम्पसेट सिंचाई योजनाको हकमा बोरिङ्ग/इनार/पम्पसेट गाड्ने समस्या : छ/छैन

२. बोरिङ्ग/इनार/पम्पसेट गाड्ने जग्गामा इच्छापत्र वा लालपुर्जाको प्रतिलिपि : छ/छैन

३. बोरिङ्ग/इनार/पम्पसेट गाडेको स्थानबाट पानि वितरण गर्ने खेतबारीको औसत दुरी : ............. कि.मी.

४. बोरिङ्ग/इनार/पम्पसेटबाट सिंचिति हुने क्षेत्रफल : ............ हेक्टर

५. बोरिङ्ग/इनार/पम्पसेटको रेखदेखको लागि सेड हाउस : बनाउनु पर्ने/नपर्ने

६. बोरिङ्ग/इनार/पम्पसेट मर्मत/सम्भारको लागि समूहको हितकोष रकम मौज्दात : छ/छैन

# अनुसूचि २

## साना सिंचाई विशेष कार्यक्रम सम्बन्धि सम्झौता पत्र (नमूना)

१. यो सम्झौता पत्र कृषि वी.म.न.पा., (यसपछि पहिलो पक्ष भनिने) र श्री....................कृषि सहकारी संस्था/कृषक समूह/ ( यसपछि दोस्रो पक्ष भनिने) बीच साना सिंचाई आयोजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ ।

२. यो सम्झौता, सम्झौता भएको मितिदेखि प्रारम्भ भएको मानिने छ ।

३. दोस्रो पक्षले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ ।

४. यस साना सिंचाई योजनाको निर्माण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ । आफैले नगरी दोस्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाईने छैन ।

५. पहिलो पक्षले दोस्रो पक्षलाई इष्टिमेट अनुसारको कार्य संचालन गर्न आयोजनाको प्रकृति अनुसार बढीमा तीन किस्तामा (पहिलोमा....... प्रतिशत, दोस्रोमा........ प्रतिशत र अन्तिममा....... प्रतिशतले अनुदान रकम उपलब्ध गराउने छ ।

६. प्रथम किस्ता स्वरुप रकम प्राप्त गर्न सम्बन्धित दोस्रो पक्षले कम्तिमा १५ प्रतिशतसम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ ।

७. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकबाट कामको मूल्याङ्कनको आधारमा रकम भुक्तानी गरिनेछ ।

८. दोस्रो पक्षले यसै योजनाको लागि आफ्नै श्रोत बाहेक कुनै सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ ।

९. दोस्रो पक्षले काम गर्दा पहिलो पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

१०. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा आयोजनाको कार्य सम्पन्न भै सकेपछि दोस्रो पक्षले सम्बन्धित प्राविधिकबाट आयोजना सुपरभिजन गराई फाइलन विल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षको वैठकबाट निर्णय गराई भुक्तानीका लागि पहिलो पक्षमा पेश गर्नुपर्ने छ । सामान्यतयाः पहिलो पक्षमा पेश भएको सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा बैंक चेक मार्फत भुक्तानी दिइनेछ ।

११. यस योजनाको निर्माण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ ।

१२. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१३. दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक परिक्षण (Public Auditing) गराउनुपर्नेछ ।

१४. सम्झौता भएको मिति देखि ..................दिन भित्र यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

१५. आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धि कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

१६. निर्माण कार्य अथवा यस सम्बन्धि कुनै विवाद आएमा समितिको निर्णय नै अन्तिम मानिनेछ ।

१७. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| | | |
|---|---|---|
| ..................... | ........................ | ........................ |
| अध्यक्ष/प्रतिनिधि | कार्यक्रम संयोजक | प्रमुख, वी.म.न.पा. |
| नाम : | नाम : | नाम : |
| उपभोक्ता समूहको नाम : | कार्यालय : | कार्यालय संस्थाको छाप : |
| संस्थाको छाप : | | |

नगर कार्यपालिकाबाट पारित मिति : २०७६/०८/१९
प्रमाणिकरण मिति : २०७६/०८/२७
प्रकाशन मिति : २०७६/०९/२०

आज्ञाले
प्रदीपकुमार निरौला
प्रमुख प्रशासकीय अधिकृत